म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १८७ शुक्रबार ५ फागुन २०७९ ने. सं. ११४३ सिल्लागा 17 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मनहरीबाट तीन जना आरोपी पक्राउ

हेटौंडा, ४ फागुन/जिल्लाको पूर्वी क्षेत्रस्थित मनहरी गाउँपालिकाबाट लागूऔषध ओसारपसारको आरोपमा तीन जना पक्राउ परेका छन् । प्रहरीले मनहरी गाउँपालिका-८ दारिमबासस्थित पुर्व-पश्चिम राजमार्गबाट तीन जनालाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको जनाएको छ । प्रहरीले भारत बिहार थाना बेतिया ग्राम पर्वत पथराई-५ बस्ने २५ वर्षीय सम्सोदिन अंसारी, ४५ वर्षीय श्याम किशोर सिंङ र १९ वर्षीय दुर्लब कुमारलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । शंकास्पद अवस्थामा हिँडिरहेका उनीहरुलाई प्रहरीले जाँच गरेको थियो । आरोपित तीन जनाको साथबाट लागुऔषध गाँजा ५ किलो ५ सय ७० ग्राम फेला परेको प्रहरीले जनाएको छ ।

# सर्वोच्चको आदेशले मकवानपुरका ४ सय जनप्रतिनिधिलाई क्षणिक राहत

साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ निर्वाचन खर्च नबुझाएपछि निर्वाचन आयोगबाट कारबाहीको दायरामा परेका मकवानपुरका १० वटै पालिकाको ४ सय जनप्रतिनिधि र उम्मेदवारहरुलाई सर्वोच्च अदालतको आदेशले क्षणिक राहत मिलेको छ ।

लाखौं रकमको जरिवानामा परेका जनप्रतिनिधि र उम्मेदवारहरुलाई आयोगकले फागुन मसान्तसम्म जरिवाना तिर्न अन्तिम म्याद दिएको थियो । उक्त म्याद नघाएको अवस्थामा गत ३० वैशाखको स्थानीय तह निर्वाचनमा उम्मेदवार बनेकाहरुको पद खारेज हुने र अर्को ६ वर्षसम्म निर्वाचनमा उम्मेदवार हुन नपाउने निर्णयसहित आयोगले यसअघि कारबाही गर्ने सूचना निकालेको थियो ।

जसकारण निर्वाचनबाट जनप्रतिनिधि भएर पनि निर्वाचन खर्च नबुझाउने मकवानपुरका ४ सय ९ जना जनप्रतिनिधिलाई पदमुक्तको डर थियो । जनप्रतिनिधि मात्र नभई, निर्वाचनमा पराजित हुन पुगेका १ हजार ३ सय १ जना उम्मेदवारहरु पनि आगामी स्थानीय तह निर्वाचन उठ्न नपाउने आयोगको निर्णयबाट त्रसित मनस्थिति बोकेर बसेका थिए ।

तर, सर्वोच्च अदालतले निर्वाचन खर्च नबुझाउने उमेदवारहरुलाई तत्काल कारबाही नगर्न अन्तरिम आदेश दिएसँगै मकवानपुरका ४ सय ९ जनप्रतिनिधिसहित १ हजार ७ सय १० जना निर्वाचनका कुल उम्मेदवारहरुलाई क्षणिक राहत मिलेको हो । क्षणिक राहत यसअर्थमा की, सर्वोच्चको संवैधानिक इजलासले मुद्दाको अन्तिम किनारा भने लगाइसकेको छैन् । काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन)ले निर्वाचान आयोगविरुद्ध दायर गरेको रिटमा प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्चको संवैधानिक इजलासले मुद्दाको अन्तिम किनारा नलागेसम्म कारबाही नगर्न अन्तरिम आदेश दिएको हो ।

मुद्दाको अन्तिम किनारा लाग्दा सर्वोच्चको संवैधानिक इजलासबाट अन्तिम फैसला कस्तो आउँछ भन्ने टुंगो नलागिसकेका कारण मकवानपुरका ४ सय ९ जनप्रतिनिधिको पदमुक्त हुने अवस्था तत्काललाई टरेको हो । बालेनलाई आयोगले समयमा निर्वाचन खर्च विवरण नबुझाएको भन्दै ७ लाख ५० हजार जरिबाना तोकेको थियो । बालेनले भने खर्च बुझाउनुपर्ने ३० औं दिनमा सार्वजनिक बिदा परेकाले ३१ औं दिनमा निर्वाचन खर्च बुझाएकाले आफूसहितका उम्मेदवारलाई कारबाही गर्ने निर्णय कानुनविपरीत भएको दाबीसहित सर्वोच्चमा रिट दायर गरेका थिए । रिटमा समयमा निर्वाचन खर्च पेस नगरी कारबाहीमा परेकालाई मुद्दाको अन्तिम किनारा नलाग्दासम्म जरिबाना गर्ने, निर्वाचनमा भाग लिन रोक लगाउने, उम्मेदवार बन्न अयोग्य बनाउने, निर्वाचित भएको व्यक्तिको स्वत: पदमुक्त गराउने कार्य नगर्न/नगराउन अन्तरिम आदेश माग गरिएको थियो ।

बालेनको माग बमोजिम इजलासबाट मुद्दाको किनारा नालागेसम्म निर्वाचन आयोगलाई निर्वाचन खर्च नबुझाउने उम्मेदवारलाई कारबाही नगर्न अन्तरिम आदेश जारी भएको थियो । हेटौंडा उपमहानगरपालिका, थाहा नगर पालिकासहित ८ वटै गाउँपालिकाका अधिकांश जनप्रतिनिधिहरु र उम्मेदबारहरु आयोगले तोकेको ३० दिनभित्र खर्च विवरण नबुझाएको कारण जरिवाना तिर्नुपर्ने सूचिमा छन् । यसअघि मकवानपुरका जनप्रतिनिधि र उम्मेदवारहरुले जरिवाना तोकिएका उम्मेदवारहरुले सामूहिकरुपमा जरिवाना मिनाहा गर्न राष्ट्रपतिसमक्ष आवेदन दिने तयारीस्वरुप हस्ताक्षर संकलन गरेर पठाएका थिए । जिल्ला समन्वय समिति महासंघ, नगरपालिका महासंघ र गाउँपालिका महासंघमार्फत् राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष जरिवाना मिनाहाका लागि मकवानपुरका जनप्रतिनिधिसहित उम्मेदवारहरुले हस्ताक्षर गरेका हुन् ।




स्थानीय तह निर्वाचनको अन्तिम नतिजा सार्वजनिक भएको मितिले ३० दिनभित्र निर्वाचन खर्च विवरण पेश गर्नुपर्ने कानुनी व्यवस्था छ । तर, उक्त कानुनी व्यवस्था उल्लैन गर्नेमा मकवानपुरका ४ सय ९ जना प्रतिनिधिसहित १ हजार ७ सय १० जना उम्मेदवारलाई निर्वाचन आयोगले गत असोज अन्तिममा जरिवाना तोकेको थियो । आयोगले खर्च विवरण नबुझाउने र ढिला बुझाउनेलाई कानुनबमोजिम उपमहानगरपालिकाका प्रमुख र उपप्रमुखले ५ लाख ५० हजार, वडा अध्यक्ष र वडा सदस्यले २ लाख ५० हजार जरिवाना तिर्नुपर्ने तोकेको थियो । त्यस्तै, नगरपालिकाका प्रमुख र उपप्रमुखलाई ४ लाख ५० हजार, वडा अध्यक्ष र वडा सदस्यलाई २ लाख, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षलाई ३ लाख ५० हजार, वडा अध्यक्ष र वडा सदस्यलाई १ लाख ५० हजार रुपैयाँ जरिवाना तिर्नुपर्ने तोकेको थियो ।

हेटौंडा उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडा अध्यक्ष सविन न्यौपानेले जनताको सेवा गर्न आएको अवस्थामा पनि लाखौं रकम जरिवाना गराएर उचित कार्य नगरेको बताए । गाउँ, सामाजको विकासका निम्ति निर्वाचित भएका जनप्रतिनिधि र उम्मेदवारहरुलाई सामान्य प्राविधिक त्रुटीमाथि लाखौं रुपैयाँको जरिवानाले पीडा मात्रै दिएको न्यौपाने बताउँछन् । उनले आयोगको जरिवाना खारेज हुनुपर्ने धारणा राखे । जरिवाना नतिर्ने जनप्रतिनिधि र उम्मेदवारहरु भने अझै जरिवाना मिनाहाको पखाईमा छन् । मकवानपुरको १० पालिका प्रमुख/उपप्रमुख र १ सय २ वडा वडाध्यक्ष/सदस्य पदमा चुनाव लडेर खर्च विवरण पेश नगर्ने, ढिलो पेश गर्ने र चित्तबुझ्दो स्पष्टिकरण पेश नगर्ने उम्मेदवारलाई आयोगले जरिवाना तोकेको हो ।

उनीहरुलाई आयोगले निर्वाचन आयोग ऐन २०७३ को दफा २६ को उपदफा (१) बमोजिम खर्चको विवरण पेस नगर्ने उम्मेदवारलाई कारबाही गरिएको जनाएको छ । मकवानपुरका ७७ दशमलव १७ प्रतिशत जनप्रतिनिधि जरिवानामा परेका थिए । निर्वाचन आयोगका अनुसार मकवानपुरमा पालिका प्रमुख/उपप्रमुख, वडाध्यक्ष र वडासदस्य पदमा निर्वाचित भएका ५ सय ३० मध्ये ४ सय ९ जनप्रतिनिधि जरिवानामा परेका हुन् । पालिका प्रमुख दुई, उपप्रमुख दुई, वडाध्यक्ष ६३ र बाँकी वडासदस्य ३ सय ४२ रहेका छन् । इन्द्रसरोवर गाउँपालिकाका जनप्रतिनिधिसहित सबै उम्मेदवारी दिएका ८९ जना नै जरिवानामा परेका छन् ।

हेटौंडा उपमहानगरमा सबैभन्दा धेरै उम्मेदवारलाई जरिवाना तोकिएको छ । हेटौंडामा २ सय ८५ उम्मेदवारमध्ये पराजित २ सय ४२ रहेका छन् भने निर्वाचित ९ वडाध्यक्ष सहित ४३ जना जनप्रतिनिधि रहेका छन् । थाहा नगरपालिकामा उम्मेदवारी दिएका २ सय ४० मध्ये ३६ जनाले मात्रै खर्च विवरण पेश गरेका थिए भने २ सय ४ जनाले बुझाएका छैनन् । बकैया गाउँपालिकामा २ सय २४ जना जरिवानामा परेका छन् । जसमध्ये ९ वडाध्यक्ष सहित ५७ जना निर्वाचित उम्मेदवार रहेका छन् । कैलाश गाउँपालिकामा १ सय ७३ जनाले उम्मेदवारी दिएकोमा १ सय ६२ उम्मेदवार जरिवानामा परेका हुन् । जसमध्ये ८ जना वडाध्यक्षसहित ४७ जना जनप्रतिनिधि छन् ।

राक्सिराङ गाउँपालिकामा निर्वाचित ७ जना वडाध्यक्ष र ३५ वडासदस्य सहित १ सय ४४ उम्मेदवार जरिवानामा परेका छन् । मनहरी गाउँपालिकामा निर्वाचन उठेका २ सय २१ मध्ये २ सय १२ जना उम्मेदवार जरिवानामा परेका छन् । जसमध्ये निर्वाचित ५ वडाध्यक्ष र ३४ वडा सदस्यसहित ३९ जनप्रतिनिधि जरिवानाको सूचीमा छन् ।

भीमफेदी गाउँपालिकामा गापा अध्यक्षसहित ६ जना वडाध्यक्ष र २८ वडा सदस्य सहित १ सय २० उम्मेदवार जरिवानामा परेका छन् । ९ वटा वडा रहेको बागमती गाउँपालिकामा उपाध्यक्षसहित ४ जना वडा अध्यक्ष, वडासदस्य ३६ सहित १ सय ५४ उम्मेदवार जरिवानामा परेका छन् । मकवानपुरगढी गाउँपालिकामा निर्वाचित ४ जना वडाध्यक्ष र २४ वडासदस्यसहित जरिवानामा परेका थिए ।

## घर भाडामा

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्ल्याट दुई वटा तला, १२ कोटा एटेज बाथरुम, गाडी पार्किङ्ग, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. : ९८२७२५९८०६**

NPBCL
नेपाल पुर्वाधार विकास कम्पनी लिमिटेड
P.R. Bhawan, Jwagal, Lalitpur, Nepal
Tel : +977-1-5524155/ 5528365
Emial : info@npbcl.com, Website : www.npbcl.com

### साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७९/१०/०६ गते वसेको संचालक समितिको निर्णय अनुसार कोभिड-१९ को कारणले गर्दा ४ आर्थिक वर्षको साधारण सभा हुन नसकेकोले मिति २०७९ साल फागुन ०९ गते हुने भनि सूचना प्रकाशन गरिएकोमा विशेष कारणवंश उक्त मितिको बार्षिक साधारण सभा स्थगित भएको र साधारण सभा सम्वन्धी अर्को सूचना प्रकाशन गरिने हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुमा यो सूचना प्रकाशित गरिएको छ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

# अनुभवी खेलाडी चुक्दा आर्मी क्वाटरफाइनलमै रोकियो

साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ त्रिभुवन आर्मी पूर्वराष्ट्रिय सदस्यसमेत रहेका अनुभवी खेलाडीमाथि भर पर्दा हेटौंडामा जारी मकवानपुर गोल्डकपबाट बाहिरिएको छ ।

हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा बिहीवार भएको दोस्रो क्वाटरफाइनल खेलमा आर्मी अर्को विभागीय टोली सशस्त्र प्रहरीको एपीएफ क्लबसँग पराजित बन्यो । आर्मी मकवानपुर गोल्डकपको डिफेन्डिङ च्याम्पियन हो । मकवानपुर गोल्डकप तीन पटकसम्म जितेको आर्मीले क्वाटरफाइनलबाट पहिलो पटक हार व्यहोरेको छ । एपीएफसँग निर्धारित ९० मिनेटको खेलमा गोलरहित बराबरी खेलेको आर्मी पेनाल्टी सुटआउटमा ४-२ गोलले चुकेको हो । आर्मीबाट सुरुवाती प्रहार कप्तान नवयुग श्रेष्ठले गरे । उनको प्रहारलाई एपीएफका गोलरक्षक राजु नगरकोटीले एक हातले रोके ।

नवयुगपछि पेनाल्टी हान्न पुगेका दिपक गुरुङको प्रहारलाई पनि नगरकोटीले उत्कृष्ट बचाउ गरे । आर्मीका लागि टेकबहादुर बुढाथोकी र विकास खवासले मात्रै गोल गरे । पेनाल्टी सुटआउटमा चुकेका नवयुग र दिपक दुवै राष्ट्रिय टोलीबाट खेलिसकेका अनुभवी खेलाडी हुन् । पेनाल्टी सुटआउनको सुरुवातमै अनुभवी खेलाडी पठाएर शतप्रतिशत गोल निकाल्दै एपीएफलाई दबाब दिने आर्मीका प्रशिक्षक नवीन केसीको रणनीति फेल खाँदा एपीएफले उपाधि रक्षाको सम्भावना कायमै राखेको हो । एपीएफका लागि नवीन लामा, सुदीप शिकारकार, सनिश श्रेष्ठ र दिपेक हमालले गोल गरे । अब एपीएफले आज शुक्रबार हुने आयोजक मकवानपुर-११ र मनाङ मर्स्याङ्दी बीचको विजेतासँग फाइनल प्रवेशका लागि प्रतिस्पर्धा गर्नेछ ।

आर्मीबाट गोलरक्षक विकेश कुथु, कप्तान नवयुग श्रेष्ठ, दिपक गुरुङ, विकास खवास, शेशेहाङ आङदेम्बे, दिनेश हेमजङ, टेकबहादुर बुढाथोकी राष्ट्रिय टोलीबाट खेलिसकेका खेलाडी हुन् । आर्मीकै दिपेश गुरुङ अण्डर-२० राष्ट्रि टिमका पूर्वसदस्य हुन् । एपीएफमा उमेर समूहको प्रतिनिधित्व गर्दै विगतमा राष्ट्रिय टिमबाट खेलेका मणि लामा, नवीन लामा, श्याम नेपाली, सुदीप शिखाकार मैदानमा थिए । पूर्वराष्ट्रिय टोलीबाट खेलिसकेका खेलाडीले भरिएको आर्मी निर्धारित समयमा एपीएफमाथि हावी देखिएको थियो ।

फिनिसिङ लाइन कमजोर

रहेको एपीएफले दोस्रो हाफमा ५ जनालाई मिडफिल्डबाट खेलाएर आक्रमणको रणनीति बुनाए पनि सफल हुन सकेन् । खेल सकिए पश्चात पत्रकारहरुसँग कुरा गर्दै एपीएफका प्रशिक्षक रत्नकाजी महर्जनले आफ्नो फिनिसिङ लाइन कमजोर रहेको स्वीकारे ।

बाँकी पृष्ठ-४...

### मनाङविरुद्ध आयोजक मकवानपुरलाई कठिन

मकवानपुर गोल्डकप अन्तर्गत् आज शुक्रबार दिउसो आयोजक मकवानपुर-११ र ए डिभिजन लिगको सर्वाधिक सफल क्लब मनाङ मर्स्याङ्दी आमनेसामने हुँदैछन् ।

राष्ट्रिय टिमबाट खेलिसकेका अधिकांश खेलाडी मैदान उतार्ने तयारी गरेको मनाङसँग जित निकाल्न आयोजक मकवानपुरलाई 'फलामको चिउरा चमाए जस्तै' हुने देखिन्छ । अनुभवी खेलाडी नभएको र फिनिसिङ लाइनमा कमजोर देखिएको मकवानपुरले यसअघि उद्घाटन खेलमा मोफसलकै नव जनजागृति क्लब सिमरालाई हराएर क्वाटरफाइनल पुगेको थियो । गोल्डकपको विगतका संस्करणमा उत्कृष्ट प्रदर्शन गर्दा ताकाका उत्कृष्ट खेलाडी हाल मकवानपुरमा छैनन् । मकवानपुरले ए डिभिजन लिग खेलिसकेका गोलरक्षक अशोक बरालसहित ३ जना अफ्रिकन खेलाडीलाई उद्घाटन खेलमा उतारेको थियो ।


मनाङसँगको खेलमा भने ए डिभिजन लिग खेलेका थप २ खेलाडी मैदानमा उत्रिन लागेको प्रशिक्षक विजयलाल श्रेष्ठले बताए । मकवानपुरमा अधिकांश खेलाडी मोफसलमै जमेका र बी तथा सी डिभिजन खेलेका खेलाडी छन् । मनाङले १९ फागुनदेखि काठमाडौंमा सुरु हुने ए डिभिजन लिगको नयाँ सिजनका लागि अनुबन्ध गरेका दुई नयाँ विदेशी खेलाडीलाई पनि मकवानपुरविरुद्ध उतार्ने सम्भावना छ । ए डिभिजन किर्तिमानी ८ पल्टको च्याम्पियन मनाङले नयाँ सिजनको लागि सन् २०१४/१५ मा बार्सिलोनाको सिनियर टोलीबाट खेलेका सेनेगलका डिफेन्डर दिवान्दु डियाग्ने नियाङ र उज्वेकिस्तानका विंगर सेडजामोललाई अनुबन्ध गरेको छ ।

सेट मिलाउनका लागि पनि मनाङले दिवान्दु डियाग्ने र विंगर सेडजामोललाई मकवानपुरविरुद्ध खेलाउन सक्ने सम्भावना रहेको हो ।

HETAUDA SCHOOL OF MANAGEMENT AND SOCIAL SCIENCES
"कडा अनुशासन, स्तरीय शिक्षा"

ADMISSION OPEN

MBS (FIRST SEMESTER)




Hetauda-4, Makawanpur
057524701, 057524711
admission@hsm.edu.np
9855074222
www.hsm.edu.np

साझाकुरा

## हाम्रो कुरा

# 'सालक'को जिल्ला घोषणा अभियान सार्थक बनाऔं

संसारभर चोरी शिकारीबाट अति संकटापन्न वन्यजन्तु हो- सालक । यो प्याङ्गोलिनको नामबाट पनि चिनिन्छ । एसिया र अफ्रिकामा सालका ८ प्रजाति अस्तित्वमा छन् । तर, प्रत्येक दिन संसारभर ३०० वटा सालक मारिने अनुमान छ । नेपालमा कालो खबटा भएको चाइनिज प्याङ्गोलिन र फुस्रो खबटा भएको इन्डियन प्याङ्गोलिन पाइन्छ । तीमध्ये चाइनिज प्याङ्गोलिन विश्वकै अति संकटापन्न सूचीमा पर्छ । नेपालमा पाइने स्तनधारीमध्ये यो एउटै मात्र अन्तर्राष्ट्रियरूपमै अति संकटापन्न वन्यजन्तु हो । विश्वमै सालक प्रजातिहरू गम्भीर जोखिममा परेकाले संसारभर फेब्रुअरी महिनाको तेस्रो शनिबार सालक दिवस मनाइन्छ ।

सालक नेपालको संरक्षित वन्यजन्तु हो । संरक्षित वन क्षेत्रसँगै सामुदायिक वनमा सालक बढी मात्रामा पाइन्छ । यो वन्यजन्तुले अक्सर घमाइलो र जुका नलाग्ने ठाउँमा बासस्थान बनाउँछ । समुद्रबाट करिब दुई हजार मिटरसम्मको उचाइमा विशेष गरी सालको जंगलमा सालक पाइने गरेको छ । सालक अनुसन्धानमा क्रियाशील साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान केन्द्रका अनुसार नेपालका ४३ जिल्लामा सालक पाइन्छ । सरकारको प्याङ्गोलिन संरक्षण कार्ययोजना (सन् २०१८-२०२२) अनुसार चाइनिज प्याङ्गोलिन भक्तपुर, बागलुङ, चितवन, धादिङ, धनकुटालगायत २३ जिल्लामा पाइन्छ भने इन्डियन प्याङ्गोलिन कञ्चनपुर, मकवानपुर, बारा, पर्सा, सुर्खेतलगायत सात जिल्लामा र डडेल्धुरा, सल्यान, म्याग्दी, कास्की, नुवाकोट, सिरहा, मोरङलगायत १४ जिल्लामा दुबै या एक प्रजातिको सालक पाइने उल्लेख गरेको छ ।

झट्ट हेर्दा न्याउरी मुसाजस्तो देखिने यो स्तनधारी जीवको शरीरभरि बाक्लो र कडा कत्ला (खबटा) हुन्छ । यो सानो डाइनोसोर जस्तो पनि देखिन्छ । सालकको पेट, थुतुनो र खुट्टाका भित्री भागबाहेक शरीरको सम्पूर्ण भाग कडा खपटाले ढाकिएको हुन्छ। यो पुच्छरको सहायताबाट रूखको हाँगामा झुन्डिन सक्छ । सालकको दाँत हुँदैन, जिब्रो भने ६० देखि ७० सेन्टिमिटरसम्म फैलिन सक्छ । यसको रंग माटोसँग मिल्दोजुल्दो देखिन्छ । आहाराको खोजीमा रातमा मात्र निस्कने गर्छ । कतैबाट आक्रमण वा खतरा महशुस भयो भने यो भाग्दैन तर, भकुन्डोको आकारमा थुतुनो केन्द्रमा पारेर गुजुल्टिएर बस्छ । खतरा महसुस नभए बिस्तारै गुजुल्टोबाट आफूलाई फुकाउँछ । मकवानपुरको विभिन्न सामुदायिक वनमा पछिल्लो समय सालकको संख्या धेरै पाउन थालिएको छ । हेटौंडा-६ स्थित रानी सामुदायिक वनमा सालक धेरै भेटिएपछि संरक्षणमा विशेष पहल हुँदै आएकोमा अब मकवानपुरको धेरै स्थानमा सालक पाउन थालिएपछि यसको संरक्षणसंगै यसको प्रचारप्रसारमा मकवानपुरलाई नै 'सालकको जिल्ला' घोषणा गर्ने तयारी गरिएको छ । 'दारको ठेकी'को जिल्लाको रुपमा नाम कहलिएको मकवानपुरमा ठेकी उत्पादन कमि भइरहेको सन्दर्भमा संरक्षित जनावर 'सालक'को जिल्ला बनाउने अभियान सुरु भएको छ । यो स्वागतयोग्य काम हो । यसलाई सार्थक बनाउन प्रकृतिप्रेमी सबै नागरिकहरु लाग्नु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ फागुन ६ गते शनिबार १८ फेब्रुअरी २०२३ ।त्रयोदशी फाल्गुण कृष्णपक्ष । सिल्लागा ११४३ ने.सं. । सूर्योदय ६:४१, सूर्यास्त ५:५६।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : धर्मकार्यमा खर्च | तुला | : रोग नाश |
| वृष | : न्यायिक कार्यमा सफलता | वृश्चिक | : अशुभ समाचार सुन्नुपर्ने |
| मिथुन | : मान्यजनबाट विवाद | धनु | : साझेदारी कार्यमा विवाद |
| कर्कट | : अहमपनले कार्यमा हानि | मकर | : दैनिक आयमा कमी |
| सिंह | : शत्रु नाश | कुम्भ | : मांगलिक कार्य सम्पादन |
| कन्या | : परिवारमा कलह | मीन | : कार्यमा बाधा |

# कानुनी छिद्र र विधिशास्त्रीय मान्यता



✍ सुजन दाहाल

बेलायतका प्रधानमन्त्री ऋषि सुनकले गुडिरहेको कारमा सिट बेल्ट नलगाई बसेको भिडियो बाहिर आएपछि प्रहरीले उनलाई कानुनको उल्ङ्घन गरेबापत जरिवाना तिरायो । त्यस्तै, अमेरिकाका राष्ट्रपति जो बाइडेनको निवासमा एफबीआईले १३ घण्टा छापा मारेर गोप्य सरकारी दस्तावेजहरू जफत गऱ्यो । उल्लिखित दृष्टान्तले यो प्रष्ट पार्दछ कि अमेरिका र बेलायत जस्ता सर्वशक्तिमान देशका शासकहरूलाई पनि कानुनले छोड्दैन । नेपालमा भए उक्त हैसियतमा रहेका व्यक्तिउपर कानुनी प्रश्न उठेको भए अनुसन्धान प्रक्रिया नै प्रभावित गरिन्थ्यो । पक्कै पनि नेपालमा भए प्रहरीले यत्रो हिम्मत गर्न सक्ने थिएन । किनभने नेपालमा कानुनका अगाडि सबै समान भन्ने सिद्धान्त व्यवहारमा हुबहु क्रियाशील छैन ।

बेलायतका प्राध्यापक ए.भी. डायसीले संवैधानिक सर्वोच्चता, कानुनका अगाडि सबै समान र संविधान सामान्य कानुनको उपज हो भनी कानुनी शासनको परिकल्पना गरे । प्रतिनिधिमूलक संसद, उत्तरदायी कार्यपालिका र स्वतन्त्र न्यायपालिकाबाट मात्र कानुनी शासन स्थापित हुनसक्छ भनी डायसीले उल्लेख गरेका छन् । तर नेपालका शृंखलाबद्ध घटनाहरू हेर्दा कानुनी शासनको उपहास भएको देखिन्छ । यो सभ्य समाजको लागि दुर्भाग्यपूर्ण विषय हो ।

विश्लेषणात्मक सम्प्रदायका जन्मदाता विधिवेत्ता जर्मी बेन्थमका अनुसार कानुन सार्वभौम शक्तिको आदेश हो । कानुनको अन्तिम लक्ष्य भनेको 'बहुजन सुखाय, बहुजन हिताय' हुनुपर्नेमा उनी जोड दिन्छन् । राज्य विना कानुनको अस्तित्व रहँदैन र कानुनको परिपालक जनता नै हुन् । कानुन सम्प्रभुको आदेश जो राजनैतिक समुदायसँग सम्बन्धित छ, जसको चरित्र प्रजातान्त्रिक हुनुपर्दछ ।

विश्लेषणात्मक स्कुलका अर्का विधिशास्त्री जोन अष्टिन भन्छन्, 'कानुन सार्वभौम सत्ताको आदेश हो, जहाँ दण्ड र सजायको व्यवस्था हुनुपर्छ ।' वास्तविक कानुनको अर्थमा ईश्वरीय कानुन, प्राकृतिक कानुन र अन्तर्राष्ट्रिय कानुन कसैको पनि स्थान हुँदैन, यी कानुन नभई नैतिकताका नियमहरू मात्र हुन् । अष्टिनको निश्चयात्मक कानुन (पोजेटिभ कानुन) मा आदर्श र औचित्यको स्थान रहँदैन । कानुनको अस्तित्व एउटा कुरा हो भने यसका गुण र अवगुण अर्को कुरा हो । कानुन पालना गर्नेले कानुनलाई रुचाउनु, मन पराउनु वा नपराउनु गौण विषय हो, कुनै पनि अर्थमा कानुन बाध्यात्मक हुनुपर्छ । कानुनमा जे छ त्यही नै कानुन हो भन्ने स्पष्ट तर्क राख्दै कानुनको निर्माण भए पश्चात् त्यसमा द्विविधा हुनुहुँदैन अनिवार्य हिसाबले कानुनको पालना हुनुपर्छ । विश्लेषणात्मक सम्प्रदायको परिमार्जित विधिवेत्ता केल्सनका अनुसार कानुनको उद्देश्य कानुनको सिद्धान्तमा एकरूपता ल्याई समाजमा भएको लथालिङ्ग स्थितिलाई नियन्त्रित गर्ने हुनुपर्छ । केल्सनको विशुद्धवादी कानुनी सिद्धान्तका अनुसार कानुन निर्माण गर्दा धर्म, नैतिकता, सामाजिक संस्कार र आदर्शलाई पूर्ण रूपमा अलग गरी निर्माण गरिनुपर्दछ । कानुनमा कुनै पनि मिसावट हुनुहुँदैन ।

कानुन बनाउनुपूर्व व्यापक अध्ययन र विश्लेषण गर्न आवश्यक छ । कानुन निर्माण गर्दा समाज र राष्ट्रको आवश्यकता पहिचान गरी कानुन बनाइएपछि त्यसको प्रयोग र कार्यान्वयनमा विशेष जोड दिनुपर्दछ । देशको लागि कानुन कस्तो हुनुपर्दछ भन्ने कुरा कानुन निर्माताले विचार गर्नुपर्छ भनी विश्लेषणात्मक सम्प्रदायले उल्लेख गरेको छ । त्यस्तै, प्राकृतिक सम्प्रदायले मुख्यतया नैतिकता, समानता, विधिको शासन, शक्ति सन्तुलन, निष्पक्षता र भाइचारा जस्ता सिद्धान्तलाई आत्मसात् गर्दछ । प्राचीनकालमा समेत दार्शनिक सुकरात, प्लेटो, अरस्तु आदिले कानुन समानता र न्यायमा आधारित हुनुपर्छ भनी उल्लेख गरेको पाइन्छ । प्राकृतिक कानुन तर्कमा आधारित भएकाले अन्य सबै कानुनको जग हो भनी प्राकृतिक सम्प्रदायवादीहरू विश्वास गर्दछन् ।

अर्को ऐतिहासिक सम्प्रदायका पक्षधर जुरिस्ट सेभेग्नी भन्छन्, 'संसदले बनाउने कानुन अनुमानसँग जोडिन्छ तसर्थ तहगत निर्णयहरूलाई संसदबाट केवल औपचारिकता मात्र प्रदान गरिन्छ, त्यसैले संसदले कानुन बनाउने नभई कानुन प्रथा परम्पराले निर्माण गर्दछ ।' उनले कानुन राजनैतिक दबाव र प्रभावबाट मुक्त हुनुपर्नेमा जोड दिएका छन् । यसरी नै समाजवादी सम्प्रदायका समर्थक कार्ल मार्क्स भन्छन्, 'कानुन शोषण गर्ने हतियार हो, जो समाजमा रहेका कमजोर पक्षका लागि मात्र लागू हुन्छ । समाजमा धनी वर्गले आफ्नो सम्पत्ति जगेर्ना र संरक्षण गर्न कानुनको तर्जुमा गरेका हुन्छन् जसले कानुनको डर देखाएर कमजोर वर्गलाई शोषण गर्दछन् । साथै, कानुनको निर्माण र विकास गर्ने कुरा समाजको समानतासँग सम्बन्ध राख्दछ, असमानता निर्धारण गर्ने कानुनको कुनै अर्थ र हँदैन ।'

कानुनको विकृति भनेको यसले गर्ने असमानताको व्यवहार मात्र हो भन्ने कुरामा मार्क्स विश्वास गर्छन् । समाजशास्त्रीय विधिशास्त्रका पिता रस्को पाउण्ड भन्छन्, 'कानुन भनेको सामाजिक अभियन्त्रको साधन हो ।' त्यस्तै समाजशास्त्रीय विचारधाराको निष्कर्ष के छ भने कानुन सामाजिक संस्थागत स्वरूप हो जसले सामाजिक क्रियाकलाप नियन्त्रित, विकसित र व्यवस्थित गर्दछ । कानुनको उद्देश्य सामाजिक हितलाई एकत्रित र व्यवस्थित गर्नु हो । कानुनको कार्य समाजको इच्छा र आवश्यकताको परिपूर्ति गर्नु हो । यो कानुनको नवीनतम मान्यता हो । यथार्थवादी सम्प्रदाय मान्ने अमेरिकन विधिशास्त्री होल्मस भन्छन्, 'कानुन भनेको त्यही हो जुन अदालतले भन्दछ ।' कानुन सधैं सम्भाव्य हुन्छ तर सधैं कानुन व्यवहारमा सत्य नहुन सक्दछ ।

उल्लिखित विभिन्न सम्प्रदाय र तिनीहरूका विधिवेत्ताहरूको विचार र व्याख्यालाई हेर्दा नेपालमा कुनै न कुनै रूपमा उल्लिखित सम्प्रदायलाई अवलम्बन गरेको पाइन्छ । कानुन देश र जनताको हितको लागि राज्यले निर्माण गर्ने नियमहरू हो । कानुनको निर्माणमा विधिशास्त्रको अध्ययन आवश्यक छ । विधिशास्त्र कानुनको दर्शन हो । विधिशास्त्रले कानुनका विभिन्न स्कुल, पुरातनवादी विचारधारा, आलोचनात्मक कानुनी अध्ययन र कानुनको नवीनतम सोच र आयामलाई एकमुष्ट रूपमा समेटेको हुन्छ ।

फ्रेन्च दार्शनिक मन्टेस्क्यूद्वारा प्रतिपादित शक्तिपृथकीकरणको सिद्धान्त बमोजिम व्यवस्थापिकाले कानुन बनाउने, कार्यपालिकाले कार्यान्वयन गर्ने र न्यायपालिकाले व्याख्या गर्ने गर्दछ । नेपालमा विधायकले एउटा मनसाय र उद्देश्य राखेर कानुन तर्जुमा गरेको हुन्छ । कार्यपालिकाले कार्यान्वयन गर्दा विधायिकी मनसाय विपरीत प्रयोग गरिदिनाले कानुनको उद्देश्य अपूर्ण भएको छ र नागरिकका सारवान कानुनमा उल्लिखित हक र अधिकार समेत कतिपय अवस्थामा हनन हुन पुगेको छ ।

आजको समय लोककल्याणकारी, प्रजातान्त्रिक मूल्यमान्यता, समानता र सबैका लागि न्याय आदि जस्ता विषयवस्तुमा आधारित छ । विधायनको निर्माण सार्वभौम निकाय विधायिकाबाट हुने गर्दछ । सर्वोच्च विधायन विधायिकाबाट निर्माण हुन्छ भने अधीनस्थ विधायन कार्यपालिकाबाट निर्माण हुने गर्दछ । वास्तवमा विधायिकीहरूले नयाँ कानुन तर्जुमा गर्दा आम मानिसलाई प्राकृतिक र कानुनी न्याय हुने गरी कानुन तर्जुमा गर्नुपर्दछ । त्यसमा पनि कानुनी न्यायभित्रका देवानी र फौजदारी न्याय, वितरणमुखी र उपचारात्मक न्याय आदि जस्ता विषयउपर विशेष ध्यान दिनुपर्दछ ।

नेपालमा आवधिक निर्वाचनबाट निर्वाचित विधायक सबै कानुनी ज्ञान भएका नहुन सक्दछन् । विधायिकीले विभिन्न तह र

> कानुन निर्माणमा विधायिकीको निष्पक्षता, कार्यान्वयनमा कार्यपालिकाको कठोरता र व्याख्यामा न्यायपालिकाको स्वतन्त्रता जस्ता मूल्यमान्यता स्थापित गर्न नसक्ने हो भने समाज र राष्ट्रमा नै भयावह अवस्था नआउला भन्न सकिन्न ।

चरणमा छलफल गरेर देशलाई आवश्यक कानुन तर्जुमा गर्दा कानुनी छिद्रमा कार्यपालिकीय शक्तिले खेल्न नसक्ने गरी कानुन बनाउन नसक्दा समाजमा कानुनी राज्यको अनुभूति हुनसकेको छैन । कानुनी शासन र संविधानवादको मूल्य र मान्यतालाई उपहास गरी कानुनको विभेदकारी तर्जुमा र प्रयोगले नागरिकलाई न्यायको अनुभूति दिलाउन सकेको छैन ।कानुनले शान्ति सुव्यवस्था कायम गर्नु, पारस्परिक सम्बन्ध स्थापित गर्नु, स्वतन्त्रता र समानताको रक्षा गर्नु, मानिसहरूको कानुनप्रतिको आस्था बढाउँदै न्यायको अनुभूति दिलाउनु, भ्रष्टाचार, बेथिति, विसंगति, नातावाद, कृपावाद, राजनैतिक दबाव र मानवता विरोधी कार्यहरूको रोकथाम गर्नु, कानुनी शासन, संविधानवाद, स्वतन्त्र न्यायपालिका, लोकतन्त्र, प्रजातन्त्र र मानवअधिकारप्रति आस्था बढाउने लगायत उद्देश्य राखेको हुन्छ ।

नेपालमा कानुनको परिपालनामा सबै इमानदार बन्न सकेका छैनन् । राजनैतिक हस्तक्षेप बढेको छ । विभिन्न क्षेत्रका नेतृत्व बेइमान हुँदा कानुन सोझासाझा नागरिकलाई मात्र लागू हुने अवस्था सृजना हुन्छ । यसले कानुनप्रतिको आस्थामा कमी आएको छ । असल कानुनले न्यायको परिकल्पनालाई साकार पार्दछ । नेपालमा यथेष्ट कानुनहरू बने । नेपालका थुप्रै कानुन र त्यसको व्यवस्थाले न्यायको मान्यतालाई सैद्धान्तिक रूपमा आत्मसात् गरेको छ तर व्यावहारिक रूपमा कानुनको तर्जुमा, कार्यान्वयन र प्रयोगमा भएको अज्ञानता, लापरबाही, उदासीनता र गलत व्याख्याले जटिलता बढाएको छ । कानुनको तर्जुमा, कार्यान्वयन र नयाँ संसद र नयाँ सरकारले होसियारीसाथ जिम्मेवारीबोध गर्न जरूरी छ । कानुन निर्माणमा विधायिकीको निष्पक्षता, कार्यान्वयनमा कार्यपालिकाको कठोरता र व्याख्यामा न्यायपालिकाको स्वतन्त्रता जस्ता मूल्यमान्यता स्थापित गर्न नसक्ने हो भने समाज र राष्ट्रमा नै भयावह अवस्था नआउला भन्न सकिन्न । *(साभार: अनलाइनखबर)*

# नयाँ परराष्ट्रमन्त्रीका चुनौती

✍ इन्द्र अधिकारी

संवैधानिक प्रावधान अनुसार राष्ट्रपतिले मनोनयन गर्ने विज्ञहरूमध्येबाट सांसद बनेकी डा. विमला राई पौडेल परराष्ट्रमन्त्री भएकी छन् । परराष्ट्र नेतृत्वमा उनी अहिलेसम्मकी तेस्री महिला भए पनि देशभित्र महिलावादी परराष्ट्र नीतिको बहस सुरु भइरहेका बेला परराष्ट्र मन्त्रालयको नेतृत्व सम्हाल्ने उनी प्रथम नेत्री हुन् । उनी मन्त्री भइसकेपश्चात् उनका कामहरू नेपालको परराष्ट्र नीति र कामकारबाहीलाई व्यापकता दिनमा एवं महिला, अल्पसंख्यक तथा सीमान्तीकृतका हित र पक्षमा रहनेछ भन्ने सर्वत्र अपेक्षा राखिएको छ, जुन उनी परराष्ट्रमन्त्रीमा नियुक्त हुँदा ओइरिएका बधाई तथा शुभकामनाहरूमा पनि अभिव्यक्त छन् ।

सकारात्मक सोच राख्दा विमलाजीका बारेमा गर्व गर्नुपर्ने प्रशस्त कारण छन् । बारम्बार औपचारिक शिक्षा मापदण्डमा कमजोरलाई समेत त्यो मन्त्रालय दिएको एमाले अनुभवमा हेर्दा त उनी अब्बल र सुयोग्य छिन् भन्नेहरू धेरै छन् । त्यस तर्कको आधार भनेको उनीसँग रहेको अध्ययनको उच्च डिग्री, वैदेशिक विकास सहकार्यमा संलग्नता र अंग्रेजी भाषामा दखल देखिन्छ । विकास अध्ययन विषयमा नेदरल्यान्ड्सबाट विधावारिधि गरेकी र नेपालको विकासका प्रमुख अवयवहरूमध्ये ग्रामीण जनजीवन र कृषिका क्षेत्रमा आफूलाई केन्द्रित गरेकीले उनलाई प्राप्त पछिल्ला अवसरहरूले महिलामैत्री विकासका लक्ष्यहरूमा अवश्य सहयोग गरेका छन् भन्न सकिन्छ । उनका पछिल्ला कतिपय एक्स्पोजर पनि अर्गानिक कृषि, महिला सशक्तीकरण, जनता र जंगलको सम्बन्धजस्ता विषयमा छन् ।

अहिले नेपाल विदेश मामिलाका दृष्टिले अत्यन्त जटिल अवस्थामा छ । अहिलेसम्म सीमा सन्धि नै गर्न नसकेका नेपाल र भारतबीच थपिएको लिपुलेक-लिम्पियाधुरा विवादले गर्दा दक्षिणी छिमेकीसँगको सम्बन्ध अब कसरी सामान्यीकरण गर्ने भन्ने चुनौती देखिन्छ । आफ्ना सर्तमा नेपालले बीआरआईमा सहभागी भइदिएर सहयोग गरेन भन्ने एकोहोरो भाष्य बनाउन उद्यत उत्तरी छिमेकीसँग पनि पछिल्ला समय उब्जिएका ठाउँठाउँका सीमा विवाद, एमसीसी लगायतका विषयका कारण द्विदेशीय सम्बन्ध बाहिर भन्ने गरेजस्तो खासै सुमधुर देखिन्न ।

कम्युनिस्टहरूलाई एक ठाउँमा ल्याइदिन सहयोग गरेको र गर्दै आइरहेको भनिएको चीन आफ्नो स्वार्थलाई अहिलेको वाम वर्चस्वको सरकारले कहीं न कहीं सम्बोधन गर्नेमा आशावादी देखिन्छ । अन्तर्राष्ट्रिय शक्ति सम्बन्धका हिसाबले हेर्दा त्यो आफैंमा अस्वाभाविक होइन पनि । तर पोखरा विमानस्थल नै बीआरआई परियोजनाको हिस्सा भएको भन्ने बुझाइ भारत र पश्चिमा मुलुकहरूको देखिइरहेको र यस विमानस्थलको औचित्य पुष्टि गर्ने चुनौती पनि नेपाल पक्षलाई देखिएको अवस्थामा यी र यस्ता परियोजना सुरु गरिहाल्न त्यति सहज देखिन्न । त्यस्तै, एमसीसीबाटै अलग्याउन चीनले खेलेको भूमिकाका कारण अति सशंकित अमेरिकाको नेपालचासो पछिल्ला दिनमा अरू बढ्दो देखिएको छ भन्ने वास्तविकता एक महिनाका अवधिमा चार अमेरिकी अधिकारीका नेपाल भ्रमण र भावी भ्रमणका सिलसिलाले देखाउँछन् । नेपालले सावधानीसाथ यसलाई बुझ्न र छिमेकलाई समेत बुझाउन सकेन भने यसको थप असर उत्तर र दक्षिणका दुवै छिमेकीसँगको सम्बन्धमा पनि पर्नेछ ।

माथि उल्लिखित परराष्ट्र मामिला बाहेकमा आफ्नो विज्ञता बनाएकी विमलाजीको प्रमुख चुनौती भनेको उनले यी विषयमा आफूलाई कसरी प्रस्तुत गर्लिन् भन्ने हो । भारत र चीनका उनका समकक्षीको प्रसंग यहाँ सान्दर्भिक देखिन्छ किनभने उनले सबभन्दा बढी इंगेज हुनुपर्ने प्रमुख पात्र अहिलेका सन्दर्भमा यिनै दुई देशका विदेशमन्त्री हुन् । अन्तर्राष्ट्रिय राजनीति विषयमा स्नातक गरी बेइजिङ सर्भिस ब्युरो फर डिप्लोम्याटिक मिसनमार्फत परराष्ट्र सेवा प्रवेश गरेर ३५ वर्ष परराष्ट्र मामिलामा बिताएका क्विन ग्याङसँग तीन वर्ष अमेरिकाका लागि राजदूत भएको, तीन वर्ष परराष्ट्र उपमन्त्री रहेको मात्र होइन लामो समय पूर्वी युरोप र अमेरिकाका नियोगमा, साथै मन्त्रालयका विभिन्न विभागमा काम गरेको अनुभवसमेत छ । परराष्ट्र प्रवक्ता तथा प्रोटोकल चिफसमेत भइसकेका क्विन चीनका विदेशमन्त्री भइरहँदा भारतका जयशंकरको त अझै सुरक्षा र सामरिक महत्त्वका विषयहरूसँग जोडिएको पारिवारिक पृष्ठभूमिसमेत देखिन्छ । भारतीय सामरिक सम्बन्धका विज्ञ तथा वरिष्ठ प्रशासकका रूपमा चिनारी बनाएका के. सुब्रमण्यमका छोरा जयशंकरको सुरुआती शिक्षा केमेस्ट्री भए पनि एमए, एमफिल र पीएचडी अन्तर्राष्ट्रिय सम्बन्धमा केन्द्रित गरेका उनी सन् १९७७ देखि चार दशकको परराष्ट्र सेवाका विभिन्न एकाइ र पदमा रहेर दखल र खारिएको अनुभवसहित परराष्ट्रमन्त्रीमा आएका हुन् । दुवै आ-आफ्ना देशलाई प्रतिनिधित्व गरेर अमेरिकाका लागि राजदूत भइसकेका व्यक्ति हुन् भने जयशंकर त चीनका लागि पनि भारतको राजदूत भएर सबभन्दा लामो समय बिताउने कूटनीतिक पात्र पनि हुन् । अन्य देशसँगको सम्बन्धका बारेमा पनि क्विनको करियर डिप्लोम्याट, प्रवक्ता र चिफ अफ द प्रोटोकलको पदले प्रशस्त सहयोग पुऱ्याउने देखिन्छ भने जयशंकर भारतीय विदेशसचिवका रूपमा प्रशासनिक नेतृत्व निभाएर अवकाश लिएका कूटनीतिक पूर्वप्रशासक हुन् । समकक्षीका रूपमा यिनीहरूसँग इंगेज हुँदा होस् वा वार्तामा बस्दा गर्नुपर्ने अभ्यासमा विमलाजीले ठूलो मिहिनेत गर्नुपर्ने हुन्छ । महिलाको नेतृत्व भनेर उत्साहित भइरहँदा उनलाई ती खारिएका समकक्षीसँगै उभिन र आँखा जुधाएर वार्ता गर्न सक्ने गरी तथ्य र प्रमाण जुटाउने समय र दक्षता भएका सहयोगी हातहरूको आवश्यकता देखिन्छ । अन्यथा 'खुबै जान्ने भनेर ल्याएका महिला मन्त्रीको पनि हालत देखियो' भनेर समग्र महिला जगत्लाई खिसिट्युरीको विषय बनाइने सम्भावना छह त्यति बेला मन्त्री र सरकार होइन, एक अर्को महिला प्रतिनिधिलाई असफल मानिनेछ, सामाजिक सोचले गर्दा ।

विमलाजीका सवालमा धेरै अपेक्षा या प्रश्न गर्नैपर्दैन किनभने आन्तरिक राजनीतिले गर्दा उनी यो पदमा धेरै बस्नै पाउन्नन् भन्नेहरू प्रशस्त छन् । विज्ञ सदस्यका नाममा राष्ट्रपतिद्वारा मनोनीत उनको मन्त्री पद एमाले सत्तामा रहनु र नरहनुमा जोडेर हेर्नुपर्ने विषय पनि थिएन, किनभने राष्ट्रपति आफैंमा गैरदलीय संस्था हो, सांसद हुनुभन्दा पहिले उनी राष्ट्रपतिको सल्लाहकार समेत थिइन् । अविच्छिन्न उत्तराधिकारी राख्ने देशको अभिभावकीय संस्थाले ल्याउने विज्ञ पनि सर्वस्वीकार्य एवं वैचारिक आस्थाका बावजुद गैरदलीय रूपमै परिचित हुनपर्ने हो । तर, विमलाजीले तत्कालीन नेकपा र अदालतको आदेशले ब्युँतिएको एमालेको संसदीय दलमा सक्रिय रहेर आफूलाई एमाले कार्यकर्ताका रूपमै चिनाउने प्रयत्न गरेको देखिँदा आशा कति गर्न सकिएला र भन्नेहरू पनि छन् । त्यसो त राष्ट्रपतिद्वारा मनोनीत राष्ट्रिय सभा सदस्य यसअघि पनि दलीय रोजाइ र प्रतिनिधित्व गरेरै मन्त्री भएका थिएह तिनले कति दलीय-गैरदलीय काम गरे, त्यो त नेपालीको मानसपटलमा छँदै छ तर अहिले एक 'महिला सदस्य' लाई राष्ट्रपति (जो आफू पनि महिला नै हुन्) ले विज्ञता र लैंगिक संवेदनशीलताको कदर गरेकी हुन्। तसर्थ परराष्ट्र मुद्दा महिलाका चासो, सरोकार, क्षमता र जानकारीको विषय होइन भन्ने परम्परागत सोचलाई चिर्नतर्फ विमलाजीबाट पहल हुन्छ भनी आशा गर्ने ठाउँ छ । सांसद मात्र हुँदा उनले के-के गरिन् भन्नुभन्दा एमालेको हिस्साबाट मन्त्री बन्दा उसको दलीय सोच, चिन्तन र लाइन पनि मन्त्रीले हेक्का राख्ने विषय हुन्छ, अवश्य नै ।

विमलाजीको अनुभव र दक्षता राज्यले उपयोग गर्न चाहने हो भने परराष्ट्रभन्दा अन्य मन्त्रालयको नेतृत्व दिँदा उपयुक्त र परिणाममुखी हुन सक्थ्यो भन्नेहरू पनि धेरै छन् । यसमा दोष पदासीन व्यक्तिको मात्र होइन, देशले कस्तालाई कुन पदमा पठाउने भनेर तयारी अभ्यास नगरेको र सत्तासीन दलहरूले नै पनि कसलाई कुन पदका लागि तयार गर्दा उपयुक्त होला भनेर हेर्ने र तयार गर्ने काम नगरेको अफसोसपूर्ण अवस्थाको समेत हो । जानेले पनि 'म यो ठाउँमा जान्नँ' नभन्ने, पार्टीले खटाएको जुनसुकै ठाउँमा जान तयार हुने, र जिम्मेवारी दिनेले पनि तोकिएको काममा रुचि, लगाव र दक्षता भएका आधारमा भन्दा पनि दलीय या नेतृत्व व्यवस्थापनको आन्तरिक सन्तुलन मिलाउने गरी पद बाँडफाँट गर्ने गरेको पाइन्छ । त्यसो त कतिपय देशमा विकास सहकार्य, अन्तर्राष्ट्रिय व्यापार, सहयोग-सहकार्य र समन्वयजस्ता विभाग पनि विदेश मन्त्रालय अन्तर्गत राखिएको पाइन्छ, जब कि हाम्रो परिवेशमा अन्य मन्त्रालयलाई 'तालुकदार' र परराष्ट्रलाई संयोजनकारी भूमिकाको बनाइएको छ । जस्तै– फिनल्यान्डमा विकास सहयोग र वैदेशिक व्यापार मन्त्रालय एवं नर्डिक सहयोग र समानता मन्त्रालयलाई पनि विदेश मन्त्रालय अन्तर्गत राख्ने गरिएको छ । यदि एमालेले त्यो संरचना अपनाउन चाहेको हो भने अन्यथा भन्न सकिएन । साथै समावेशीकरणको सिद्धान्त अनुसार मानिस (सीमान्तीकृत) लाई प्राथमिकता दिएर नै सिक्न सजिलो पारिदिने होह यो सिद्धान्तले 'सबैले सिक्न सक्छन्' भन्नेमा विश्वास राख्छ र पैरवी गर्छह यसका आधारमा पनि विमलाजी परराष्ट्रमन्त्री पाउनुलाई अन्यथा भन्न मिल्दैन । तर, लामो समय परराष्ट्रमा अनुभव सँगाल्दै कूटनीतिमा आफूलाई खार्दै लैजान प्रयासरत डा. अञ्जन शाक्यलाई योजना आयोगतिर र महिलावादी विकास विज्ञ विमलाजीलाई परराष्ट्रतिर लाने एमालेको पछिल्लो चयन यी सिद्धान्तका आधारमा भन्दा पनि कसलाई कहाँ दिने वा थन्क्याउने वा भाग पुऱ्याउने भन्नेबाट निर्देशित देखिन्छ ।

*(साभार: ई-कान्तिपुर)*

# टेलिकमको सेवामा पटक पटक समस्या, नेतृत्वको अक्षमता



काठमाडौं/टेलिफोन सेवाका २ करोड १६ लाख ग्राहक बनाएको सरकारी स्वामित्वको नेपाल टेलिकमको सेवामा बुधबार दिनभर समस्या देखियो । फोन नलाग्ने समस्या किन आयो भन्नेबारे टेलिकमले आफैंले केही बताएन । सञ्चार माध्यमले सोधेपछि विगतकै जस्तो 'केही छिन प्राविधिक कारणले समस्या भयो' भन्ने जवाफ दिएर टार्‍यो ।

फोनमा समस्या नआउँदा टेलिकमले एक-दुई घण्टामै करोडौं आम्दानी गुमाउँछ । यो समस्या पूर्ण रुपमा नसल्टिँदै बिहीबार विहान फेरि नेपाल टेलिकमका पोस्टपेड फोनहरु एकतर्फी (वान-वे) भए, कतिपयकोमा टू-वे (दुईतर्फी) नै अवरुद्ध भए । कतिपय ग्राहकको एकाएक ब्यालेन्स काटिएर मोबाइलको रकम 'गायब' भयो । नेपाल टेलिकमले भने हिसाब मिलानको काममा ढिलाइ भएको भनेर टार्‍यो ।

टेलिकमका अधिकारीहरुका अनुसार पोष्टपेडका ग्राहकहरुबाट नेपाल टेलिकमले 'रेन्टल शुल्क' बापत उठाउने न्यूनतम प्रतिमहिना ३८३ रुपैयाँबाट हिसाब मिलान गराउने प्रणालीले राति काम नै गरेन । हरेक अंग्रेजी महिनाको १५ तारिखमा हुने यस्तो 'बिल रन' रातभरमा भइसक्नुपर्ने थियो । 'बिल रनको काम आज बिहानसम्म पनि नसकिएकाले ब्यालेन्स काटिएको गुनासो आयो', टेलिकमका प्रवक्ता शोभन अधिकारीले भने । उनले बिलिङ सिस्टममा समस्या नभएको तर, हिसाब गर्न समय लागेको दाबी गरे ।

बुधबार र बिहीबारको जस्तो समस्या पछिल्लो एक महिनाका बीचमा तेस्रो पटक देखिएको हो । गत ३ माघको मध्यान्ह १२ बजेदेखि नेपाल टेलिकमको मोबाइल र ल्यान्डलाइन सेवा देशभर अवरुद्ध भएको थियो । त्यतिबेला सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा रेखा शर्माले मन्त्री पदको पदभार ग्रहण गर्दै थिइन् । सो घटनाबारे अध्ययन गर्न मन्त्रालयले सहसचिव गौरब गिरीको नेतृत्वको छानबिन समिति बनाएको थियो ।

समितिले टेलिकमले परिणामको आकलनसमेत नगरी अनुपयुक्त समयमा मर्मतका काम गर्दा फोन सेवा अवरुद्ध भएको फेला पारेको थियो । टेलिकमले धेरै फोन कल, एसएमएस र डेटा प्रयोग हुने समयमै मर्मत सम्भारको काम गरेको पाइएको थियो । टेलिकमले आफ्नो प्रणालीहरुको मर्मतसम्भार र स्तरीकरणमा गम्भीर लापरबाही गरेको समितिको निष्कर्ष छ ।

पटक-पटक बिलिङ प्रणालीमा समस्या आउँदा केहीबेर फोन प्रणाली अवरुद्ध भएपनि त्यसको प्रभाव घण्टौंसम्म रहने टेलिकमका अधिकारीहरु बताउँछन् । उक्त समितिले यस्ता समस्यामा टेलिकमको उच्च तह पनि जिम्मेवार नदेखिएको निष्कर्ष निकालेको छ ।

अहिले टेलिकमको कार्यकारी नेतृत्व प्रबन्ध निर्देशक सुनिल पौडेलले गरेका छन् । सञ्चार सचिव बैकुण्ठ अर्याल प्राधिकरणको अध्यक्ष छन् । 'टेलिकम क्षेत्रको नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरण सञ्चार मन्त्रालय मातहत छ, नेपाल टेलिकममा देखिएको समस्याबारे नियामक निकायले एउटा पत्र काट्नेसम्म हो', नेपाल टेलिकमका एक अधिकारीले भने, 'तालुक मन्त्रालयका सचिव नै अध्यक्ष रहेको कम्पनीलाई कारबाही गर्ने आँट प्राधिकरणको छैन, त्यसैले यहाँ प्रबन्ध निर्देशक र सचिव मिलेपछि जे-जे गरेपनि/नगरेपनि छुट छ ।'

नियामकीय भूमिका कमजोर भएकै कारण प्रविधिमा ठूलो लगानी हुँदा पनि नेपाल टेलिकमको सेवामा अनेक समस्या पटक-पटक देखिएको अधिकारीहरुको दाबी छ । फोरजी र भोल्टे सेवाका लागि २० अर्बभन्दा बढी लगानी गरेको टेलिकमको सेवा किन बारम्बार समस्याग्रत हुन्छ भन्नेबारे कम्पनीले प्राधिकरणलाई समेत स्पष्ट जवाफ दिएको छैन ।

कम्पनीले भन्ने गरेको 'प्राविधिक समस्या' पटक-पटक किन दोहोरिन्छ भन्ने जवाफ टेलिकमसँग छैन । नेपाल टेलिकमका प्रवक्ता शोभन अधिकारी प्रणालीमा समस्या आउनु स्वभाविक भएको बताउँछन् ।

तर, टेलिकमको पटक-पटकको समस्या स्वभाविक नभएको निष्कर्ष निकाल्दै नेपाल दुरसञ्चार प्राधिकरणले बुधबारको घटनाको छानबिन गर्न निर्देशकको नेतृत्वमा छानबिन समिति बनाएको छ । प्राधिकरणका प्रवक्ता तथा निर्देशक सन्तोष पौडेल समितिले प्रतिवेदन नदिएसम्म यसबारे प्रतिक्रिया नदिने बताउँछन् ।

**"टेलिकमको नालायकीपन"**

मोबाइलमाथि निर्भरता बढेकाले एक्कासी सञ्चार सम्पर्क बिच्छेद हुँदा जनताको जीवनयापन प्रक्रियामै प्रभाव पर्ने गरेको छ । अहिले पनि खास क्षेत्र, खास नेटवर्क र खास अवस्थामा पटक-पटक टेलिफोन सेवा अवरुद्ध हुने समस्या यथावत छ । फोन नलाग्ने, लागे पनि नेटवर्क कमजोर भएर कुरा नबुझिने वा बीचमै काटिने समस्या धेरै छ । तर, उपभोक्तासँग सुलभ र विश्वसनीय मोबाइल सेवाको उपलब्धता छैन ।

सहरभित्रकै कतिपय ठाउँमा फोनको नेटवर्क नै नटिप्ने समस्या छ भने डेटा सेवा पनि अति महँगो छ । नेपाल टेलिकम आफ्ना सेवा अवरुद्ध भएपछि सेवाग्राहीलाई समस्याबारे सूचित गर्न पनि चुक्दै आएको छ । गत ३ माघमा करिब डेढ घण्टा र ३ फागुनमा केही बेर सेवा ठप्प हुँदा टेलिकमले तुरुन्तै कुनै माध्यमबाट ग्राहकलाई सूचित गरेन ।

दूरसञ्चार सेवाको गुणस्तरसम्बन्धी विनियमावलीले गुणस्तर कायम नगरेको कारणले मोबाइलमा कुरा गर्दागर्दै आफैं कल काटिने भए उक्त कुरा गरेको समयावधि बराबरको शुल्क वा फोनकल दर बराबरको रकम ग्राहकले क्षतिपूर्ति पाउनुपर्ने व्यवस्था गरेको छ । तर, सरकारी स्तरकै टेलिकम कम्पनीले यसको कार्यान्वयन गरेको छैन ।

निजी कम्पनीहरु पनि उदासीन हुँदासमेत नियमनकारी निकाय दूरसञ्चार प्राधिकरणले यसमा ती कम्पनीलाई जवाफदेही बनाउन अग्रसरता लिएको छैन । नेपाल दूरसञ्चार प्राधिकरणका पूर्ववरिष्ठ निर्देशक तथा दूरसञ्चार विज्ञ आनन्दराज खनाल पटक-पटक एउटै समस्या दोहोरिनुलाई नालयकीपन ठान्छन् ।

'सरकारी तवरमा त जनतालाई समस्या पर्नु सामान्य नै मान्ने गरिन्छ, आम जनतालाई असर परेको कुराले सरकारलाई नछुनु त नौलो भएन', उनले भने, 'तर, यत्रो ठूलो ग्राहक संख्या भएको टेलिकम त कम्पनीको रुपमा जिम्मेवार हुनुपर्ने हो, यो नालायकीपन हो ।'

**नेतृत्वमाथि प्रश्न**

प्रणालीको सञ्चालन र मर्मतमा पछिल्ला दिनमा पटक-पटक आइरहेको समस्याबारे टेलिकम नेतृत्व गम्भीर छैन भन्ने घटनाक्रमले देखाएका छन् । मर्मतको जिम्मा लिएको कम्पनी एसियन इन्फो र नेपाल टेलिकमबीच समन्वय नहुँदा बिलिङ प्रणाली सुधारको कामले सेवा नै अवरुद्ध हुने अवस्था आएको टेलिकम स्रोत बताउँछ ।

टेलिकमका प्रबन्ध निर्देशक पौडेलले यस्ता समस्या समाधान गर्न खासै अग्रसरता नदेखाएको अधिकारीहरुको पनि आरोप छ । राष्ट्रिय सूचना प्रविधि केन्द्रका कार्यकारी निर्देशक रहेका पौडेललाई सरकारले २४ चैत २०७८ मा नेपाल टेलिकमको प्रबन्ध निर्देशक नियुक्त गरेको थियो ।

टेलिकममा पहिलोपटक संस्थाभन्दा बाहिरबाट प्रवन्ध निर्देशक नियुक्त भएका उनी टेलिकमका विषय विज्ञ होइनन् । 'स्वभाविक रुपमा संस्थाभित्र हुर्किएको विज्ञको जस्तो अनुभव र खुबी उहाँसँग छैन, संस्थाका लागि अहिले नेतृत्व निदाएसरह छ' टेलिकम स्रोत भन्छ, 'स्वार्थ समूहहरुको अत्यधिक चलचेल हुने यो संस्थाभित्रको इकोसिस्टम बुझ्न उहाँलाई अझै समय लाग्छ ।'

प्राविधिक समस्या पर्दा नेतृत्वले समाधानमा अग्रसरता पनि देखाउन नसकेको अधिकारीहरुको आरोप छ । फाइभजीको निर्धारित परीक्षण समेत २ पटक सार्नुले प्रबन्ध निर्देशकको असक्षमता प्रष्ट भएको उनीहरुको भनाइ छ ।

नेतृत्वको कुनै स्वार्थका कारण यस्ता घटना भइरहेको छ कि भन्ने आशंका समेत टेलिकमभित्र छ । यसैपनि प्रबन्ध निर्देशक पौडेलको विगत सङ्लो छैन । राष्ट्रिय सूचना प्रविधि केन्द्रमा रहँदा विभिन्न विवादास्पद काममा मुछिएका पौडेललाई टेलिकममा नियुक्ति दिलाउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले टेलिकमको प्रबन्ध निर्देशक नियुक्ति सम्बन्धी निर्देशिका संशोधन गरेको थियो । पौडेल विभिन्न सूचना प्रविधिसम्बद्ध आयोजनाहरुमा एजेन्टमा रुपमा रहने र सेक्युरिटी प्रिन्टिङ प्रेसको अनियमितता प्रकरणमा मुछिएका सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक बिकल पौडेल निकट मानिन्छन् ।

महालेखा परीक्षकको ५८ औं वार्षिक प्रतिवेदनले पौडेलले नेतृत्व गरेको राष्ट्रिय सूचना प्रविधि केन्द्रले एक वर्षभन्दा बढी सञ्चालन हुने कार्यक्रममा कानुनअनुसार खरिद गुरुयोजना नै नबनाई १ अर्ब ६१ करोड ७५ लाख खर्च गरेको औंल्याएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# ११ दिनसम्म इनरुवामा चलचित्र महोत्सव हुने



काठमाडौं/नेपाल चलचित्रकर्मी महासंघ प्रदेश नं. १ को आयोजनामा यही फागुन ७ गतेदेखि १७ गतेसम्म सुनसरीको सदरमुकाम इनरुवामा 'प्रथम इनरुवा उत्सव तथा चलचित्र महोत्सव २०७९' हुने भएको छ । सुरुवातमा ५ दिनसम्म मात्र महोत्सव गर्ने तयारी गरिएको भए पनि इनरुवावासीको उत्साह र चासोलाई ध्यानमा राख्दै ११ दिनसम्म लम्ब्याइएको महासंघ अध्यक्ष अरुण कुमार प्रधानले बताए ।

बुधबार आयोजक समितिले इटहरीस्थित डिश्री अनलाइनको कार्यालयमा पत्रकार सम्मेलनको आयोजना गर्दै महोत्सवमा प्रदेश नं. १ मा बनेका फिचर तथा लघु फिल्महरुलाई प्रदर्शन गरिने जानकारी गराइयो । इनरुवा नगरपालिकाले संयोजन गरेको महोत्सवका लागि यतिबेला फिल्म दर्ताको प्रक्रिया चलिरहेको छ । विभिन्न क्षेत्रमा योगदान पुर्‍याएकाहरुलाई महोत्सवमा सम्मान पनि गरिनेछ ।

महासंघका अध्यक्ष प्रधानले भने, 'प्रतिभा प्रवर्द्धन तथा स्थानिय उत्पादनलाई प्रोत्साहित गर्ने उद्देश्य समेत यो महोत्सवको छ । बेबी फेन्सी ड्रेस प्रतियोगिता, साहित्य सम्मेलन, उत्कृष्ट तरकारी उत्पादक प्रतियोगिता, विद्यालय स्तरीय नृत्य प्रतियोगिता, बेहुली सुन्दरी प्रतियोगिता समेत महोत्सवमा हुनेछ ।' नेता भर्सेज अभिनेता फुटबल खेलदेखि सांस्कृतिक कार्यक्रम समेत राखिएको उनले बताए ।

प्रदेश नं. १ बाट प्रतिनिधित्व गर्ने फिल्म क्षेत्रका हस्तीहरुलाई 'प्रदेश १ तारा' उपाधिबाट सम्मान गरिने अध्यक्ष प्रधानको भनाई छ । कार्यक्रममा सहभागी अतिथीहरुलाई बराहक्षेत्र नगरपालिका क्षेत्रमा पर्ने प्रस्तावित फिल्मी सिटीको भ्रमण गराउने कार्यक्रम समेत राखिएको छ । यो महोत्सवले प्रदेश १ को पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास नेपाल चलचित्रकर्मी महासंघको छ ।

# 'फूलबारी'मा शिल्पाको भूमिका छोटो, तर प्रचारमा प्रियंका बराबर



काठमाडौं/मल्टीस्टारर फिल्म 'फूलबारी' यही शुक्रबारबाट प्रदर्शनको तयारीमा छ । 'कबड्डी' समुहको फिल्म भएकाले दर्शकमा अपेक्षा उच्च छ भने कात्तिकदेखि खडेरी बेहोरिरहेको नेपाली फिल्मको बजारलाई चलायमान बनाउने आशा पनि गरिएको छ । एउटा परिवारमा आउने उतारचढावको कथामा निर्माण भएको फिल्मको ट्रेलरले जुनखालको प्रतिक्रिया पाएको छ, त्यसले सफलताको संकेत गर्छ ।

तर, फिल्मको प्रचार अपेक्षाकृत हुन सकेको छैन । केही दिन मोफसल भ्रमणपछि फिल्मको प्रचार केही सुस्ताएको छ । फिल्मका प्रमुख दुई अभिनेता विपिन कार्की र दयाहाङ राई छायांकनमा व्यस्त हुँदा प्रचारको कमान्ड अभिनेत्री द्वय प्रियंका कार्की र शिल्पा मास्केले सम्हालेका छन् । दुवैको करिअरका लागि यो फिल्म विशेष भएकाले पनि उनीहरुले प्रचारमा पर्याप्त समय दिएका छन् ।

तर, 'फूलबारी'मा शिल्पाको छोटो भूमिका छ । ट्रेलरमा उनले पाएको 'स्क्रिन स्पेश'ले पनि यो पुष्टि हुन्छ । उनी आफैंले मोफसल प्रचारको क्रममा आफ्नो सानो भूमिका भए पनि अर्थपूर्ण रहेको बताएकी थिइन् । तर, उनको प्रचारमा खटाई हेर्दा लगभग प्रियंका बराबर नै देखिन्छ । 'कबड्डी' समुहको फिल्म भएकाले पनि उनले प्रचारमा भरपुर समय दिएको हुनसक्ने कतिपयको बुझाइ छ ।

फिल्म 'द ब्रेकअप'बाट अभिनेत्रीको रुपमा डेब्यू गरेकी उनलाई पहिलो गाँसमै ढुंगा लागेको थियो । उनको दोस्रो फिल्म 'कागजपत्र' पनि डिजास्टर भयो । तेस्रो फिल्म 'सानो मन'बाट फ्लपमा ह्याट्रिक गरेकी उनी अब 'फूलबारी'को भरोसामा छिन् । यसकारण यो फिल्म सफल हुनुपर्ने दबाब उनमा छ । फिल्मको भाग्य चाहिँ कस्तो लेखिएको छ, त्यसका लागि केही दिन प्रतिक्षा गर्नैपर्ने हुन्छ ।

# दिनेशको फिल्ममा स्वप्नको जोडी दिक्षिता

काठमाडौं/'क्लासिक', 'नोभेम्बर रेन' जस्ता सफल लभस्टोरी फिल्मका निर्देशक दिनेश राउत लामो समयपछि लभस्टोरी फिल्ममा फर्किँदैछन् । उनले गायक स्वप्न सुमनलाई अभिनेताको रुपमा डेब्यू गराउँदै लभस्टोरी फिल्म बनाउन लागेका हुन् । अहिले स्वप्नले अभिनय सिकिरहेका छन् । आगामी बैशाखबाट छायांकन थालनी गर्ने तयारी गरिएको फिल्मको पटकथा विकास सुवेदीले लेखिरहेका छन् ।

फिल्ममा स्वप्नको जोडी चर्चित गायिका दिक्षिता कार्कीसँग बाँधिने भएको छ । चर्चित भ्लगर तथा संगीतकार चेतन कार्कीकी छोरी रहेकी दिक्षिता अहिलेकी 'युट्युब सेन्सेसन' हुन् । 'जीवन', 'तिमी र म' जस्ता गीत उनका चर्चित छन् । अंग्रेजी गीतको कभर गाएर चर्चामा आएकी उनको युवापुस्तामा गजब फ्यान फलोइंग छ । केही दिनअघि निर्माण टिमले उनीसँग कागजी सम्झौता गरेको हो ।

फिल्मको पात्रमा स्वप्न र दिक्षिता सुहाउने भएकाले मुख्य भूमिकामा अनुबन्ध गरिएको निर्देशक राउतले फिल्मीखबरलाई जानकारी दिए । आफ्नो गायन कलाबाट दुवै युवापुस्तामा लोकप्रिय भएकाले फिल्ममा कलाकारको 'लाइनअप' अत्यन्त बलियो देखिएको छ । शहर केन्द्रित कथावस्तुमा निर्माण हुन लागेको फिल्म डिजिटल क्यामेरा इक्विपमेन्ट कम्पनी मल्टी मेटको ब्यानरमा निर्माण हुनेछ ।

निर्देशक राउतले 'पर्व', 'प्रसाद' र 'प्रकाश'पछि लभस्टोरी फिल्म निर्देशन गर्न लागेका हुन् । हरेक फिल्ममा फरक प्रयास गरिरहेका उनी यसपटक आफ्नो अघिल्ला लभस्टोरी फिल्मभन्दा फरक बनाउने सोचमा छन् । फिल्मको सम्पूर्ण छायांकन काठमाडौंमा हुनेछ । आगामी बडा दशैंमा प्रदर्शनको लक्ष्य राखिएको फिल्म शहरी सभ्यताभित्रको ढोंग र प्रेमको कथामा निर्माण हुने जानकारीमा छ ।

# चुनाव खर्च नबुझाउने उम्मेदवारलाई कारबाही नगर्न सर्वोच्चको अन्तरिम आदेश

काठमाडौं/सर्वोच्च अदालतले निर्वाचन खर्च विवरण नबुझाउने स्थानीय तहका उम्मेदवारलाई तत्काल कुनै कारवाही नगर्न अन्तरिम आदेश दिएको छ ।

काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले दर्ता गरेको रिट निवेदनमाथि सुनुवाई गर्दै सर्वोच्च अदालतको संवैधानिक इजलासले निर्वाचन आयोगले जरिवाना तोकेका उम्मेदवारलाई तत्काल कारबाही नगर्न अन्तरिम आदेश दिएको हो ।

निर्वाचन आयोगले ३१ भदौं २०७९ मा स्थानीय निर्वाचनमा प्रतिस्पर्धा गरेका तर खर्च विवरण नबुझाएका उम्मेदवारहरुलाई जरिवाना तिराउने निर्णय गरेको थियो । निर्णयविरुद्ध काठमाडौं महानगरपालिकाका मेयर शाह सर्वोच्च अदालत गएका थिए ।

निर्वाचन आयोगले गरेको निर्णयमा संवैधानिक तथा प्रक्रियागत त्रुटिको प्रश्न उठेको भन्दै कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की, न्यायाधीशहरु विश्वम्भरप्रसाद श्रेष्ठ, डा. आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा र प्रकाशमान सिंह राउतको इजलासले रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म जरिवाना तिराउने लगायतका कुनै कारवाही नगर्न आदेश दिएको हो ।

आयोगको निर्णयले जननिर्वाचित संस्थाहरु र प्रतिनिधिमूलक लोकतन्त्रमा नै देशव्यापी प्रतिकुल प्रभाव पर्ने भन्दै सर्वोच्च अदालतले तत्काल कार्यान्वयन नगर्न आदेश दिएको हो ।

**कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी

**मेरिना ड्राई क्लिनिङ् स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

**हेटौडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि

**हेटौडा सिटी हस्पिटल प्रा.लि.**

हेटौडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५

समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

**"तपाईं, हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

**साझाकुरा राष्ट्रिय दैनिक**



वेबसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।

**www.sajhakuranews.com**

# रैथानेबालीको प्रवर्द्धन गर्न प्रतिवद्ध छु : पोखरेल

साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ बागमती प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री केशवप्रसाद पोखरेलले रैथानेबालीको प्रवर्द्धन गर्न आफु प्रतिवद्ध रहेको बताएका छन् ।

बिहिबार कृषि विकास निर्देशनालय हेटौंडाले आयोजना गरेको रैथानेबाली प्रवर्द्धन सम्बन्धी प्रदेश स्तरीय गोष्ठीलाई सम्बोधन गर्दै मन्त्री पोखरेलले रैथानेबालीको विस्तार र प्रवर्द्धन गर्न प्रतिवद्ध रहेको बताएका हुन् । उनले आफूले सार्वजनिक गरेको प्रतिवद्धता पत्रमा समेत रैथानेबालीको प्रवर्द्धन र बजारीकरणको विषय समावेश गरेको भन्दै प्रतिवद्धता पूरा गर्न सबै पक्षको साथ र सहयोग आवश्यक रहेको बताए ।

रैथानेबालीको प्रवर्द्धन गर्ने मन्त्रालय मातहतका कार्यालयको योजना महिला समूह लक्षित हुनु पर्ने उनको भनाई छ । रैथाने विउ जोगाउन जोन एरिया तोकेर काम गर्नु पर्ने भन्दै उनले त्यसको लागि आवश्यक गृहकार्य गर्न निर्देशनालयलाई मन्त्री पोखरेलले निर्देशनसमेत दिए ।



कृषिजन्य वस्तुको आयात प्रतिस्थापन गर्न र निर्वाहमुखी किसानको आय स्रोत बढाउने योजना ल्याउन मन्त्रालयले गृहकार्य गरिरहेको उनको भनाई छ ।

हेटौंडामा रहेको मत्स्य विकास केन्द्रलाई प्रदेश मातहत ल्याउन आफुले संघमा पत्रचार गरिसकेको र छिटै नै प्रदेश मातहतमा ल्याएर स्रोत केन्द्रको रुपमा विकास गर्ने आफ्नो योजना रहेको मन्त्री पोखरेलको भनाई छ ।

त्यस्तै मन्त्रालयका सचिव डा शरण पाण्डेले रैथानेबालीको संरक्षण भन्दा प्रवर्द्धनमा विशेष जोड दिनु पर्ने बताएका छन् । सम्भव भएसम्म आ-आफ्नो भान्छामा रैथाने खानाको प्रयोग गर्नु पर्ने उनले बताए । सचिव पाण्डेले मन्त्रालय बालि प्रवर्द्धन र प्रयोगमा बजेट विनियोजन गर्न तयार रहेको बताए । कार्यक्रम कृषि विकास निर्देशनालय बागमती प्रदेशका प्रमुख भरतप्रसाद विडारीको सभाध्यक्षतामा भएको थियो । कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डे लगायतकाको आतिथ्यता रहेको थियो ।

# अनुभवी खेलाडी चुक्दा आर्मी...

खेलमा जति नै मिहेनत गरेपनि गोल गर्न नसकेपछि नतिजा आफ्नो पक्षमा नदेखिने भन्दै आर्मीसँगको खेल पेनाल्टी सुटआउटबाट जित्न सकेको घुमाउरो स्वीकारोक्ती महर्जनको थियो । आर्मीका प्रशिक्षक नवीन न्यौपानेले अबसर सदुपयोग गर्न नसक्दा हार व्यहोर्नु परेको बताए ।

एपीएफको बलियो डिफेन्स लाइन तोड्न असफल भएको आर्मीले आधा दर्जन गोल गर्ने राम्रा अबसर खेले फाल्यो । आर्मीका शेशेहाङ आङदेम्बेले खेलको १७ औं मिनेटमा डिबक्स लाइनबाट गरेको शक्तिशाली प्रहार विपक्षी गोलपोष्ट नजिकैबाट बाहिरियो । ७८ औं मिनेटमा वान भर्सेस वानको अवस्थामा डिबक्सभित्र बल अगाडि बढाउँदै गरेका आर्मीका कप्तान नवयुगको खुट्टाबाट एपीएफका डिफेण्डरले बल क्लियर गरिदिए । आर्मीका गोलरक्षक विकेश कुथु गोलपोष्ट छोडेर अगाडि बढेको बेला एपीएफका नवीन लामाले गोल गर्ने अबसरबाट चुक्न पुगेका थिए । एपीएफलाई दबाबमा राखेर खेलेको आर्मीले आशा दर्जन सुनौला अबसर फाल्यो ।

बिहीवारको खेलमा म्यान अफ दी म्याच एपीएफका गोलरक्षक राजु नगरकोटी घोषित भए । नगद १० हजार पुरस्कार नगरकोटीले पेनाल्टी सुटआउटमा दुई उत्कृष्ट बचाउ गरेका थिए । जिल्ला फुटबल संघ मकवानपुरको आयोजनामा भएको प्रतियोगितामा विजेता हुने टोलीले १५ लाख रुपैयाँसहित ट्रफी पाउनेछन् भने उपविजेताले १० लाख रुपैयाँसहित ट्रफी पाउनेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले रोयल इन्फिल्ड (बुलेट) मोटर साइकल पाउने छन् । प्रतियोगितामा विद्यागत उत्कृष्ट हुने खेलाडी र खेलाडीले नगद २५-२५ हजार प्राप्त गर्नेछन् । १० फागुनमा गोल्डकपको फाइनल खेल हुनेछ ।

# हेटौंडामा केपी ओली कपको ब्यानर प्रदर्शन




साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नाममा हुँदै गरेको फुटबल प्रतियोगिताको प्रचार हेटौंडामा गरिएको छ ।

केपी ओली कप फुटबल प्रतियोगिता आयोजक राष्ट्रिय युवा संघ नेपालको जिल्ला शाखाले बिहीवार हेटौंडाको बुद्ध चोकमा ब्यानर प्रदर्शन गरेको हो । केपी ओली कप आगामी फागुन ११ बाट १७ गतेसम्म काठमाडौंमा आयोजना हुँदैछ ।

एमाले अध्यक्ष ओलीको जन्मदिनको अवसरमा फुटबल प्रतियोगिता गर्न लागिएको हो । बुद्ध चोकमा युवा संघ मकवानपुरले ब्यानर टाँसेको छ । युवा संघको सबै जिल्लामा रहेका कमिटीहरुले सहरी क्षेत्रमा केपी ओली कपको प्रचार कार्यक्रम गरेका छन् । 'केपी ओली कप राष्ट्रिय फुटबल च्याम्पियनसिप २०७९' प्रतियोगितामा ८ वटा टोलीले सहभागिता जनाउने भएका छन् ।

सात दिनसम्म सञ्चालन हुन प्रतियोगिताको विजेताले उपाधिसहित १० लाख नगद र उपविजेताले ५ लाख रुपैयाँ नगद प्राप्त गर्ने आयोजकले जनाएको छ । यस्तै, सर्वोत्कृष्ट खेलाडीले एक लाख तथा उदयीमान खेलाडी र विधागत उत्कृष्ट हुनेले समान ५० हजार प्राप्त गर्नेछन् ।

यसैगरी, प्रत्येक खेलको विजेता टोलीलाई २५ हजार, 'प्लेयल अफ द म्याच'लाई १५ हजार रुपैयाँ प्रदान गरिनेछ । प्रतियोगिताको अन्य खेलहरु एन्फा कम्प्लेक्समा हुने भएता पनि फाइनल खेल रशरथ रंगशालामा गरिने युवा संघले जनाएको छ ।

# ५१ जनाको आँखाको शल्यक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ बकैया जेसिसको आयोजनामा भएको तीन दिने नि:शुल्क आँखा जाँच तथा मोतिविन्दुको शल्यक्रिया शिविरमा ५१ जनाको आँखाको शल्यक्रिया गरिएको छ ।

पूर्वी मकवानपुरको बकैया गाउँपालिका ४, गरगरे स्थित बकैया आधारभूत अस्पतालमा भएको तीन दिने नि:शुल्क आँखा जाँच तथा मोतिविन्दुको शल्यक्रिया शिविरमा ५१ जनाको आँखाको शल्यक्रिया गरिएको हो । तीन दिनसम्म भएको शिविरमा ५ सय ५६ जनाले आँखा परीक्षण गराएका थिए ।

बकैया जेसिजले बकैया गाउँपालिको आर्थिक सहयोग, नेपाल आँखा अस्पताल त्रिपुरेश्वर, काठमाडौं र बकैया आधारभूत अस्पतालको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरेको हो । बकैया गाउँपालिकामा भएको शिविरबाट गाउँपालिका क्षेत्रको १२ वटै वडा तथा छिमेकी बागमती गाउँपालिकाका आँखामा समस्या भएकाहरुलाई समेत लाभ लिएको जेसीजका कोषाध्यक्ष विवेक बोलखेले बताए ।



जेसीसका कार्यकारी उपाध्यक्ष शुसिल घिमिरेको संयोजनमा भएको कार्यत्रलमको समापनमा बकैया गाउँपाकिला उपाध्यक्ष भक्तबहादुर खत्री, वडा नम्बर ४ का वडाध्यक्ष राजन दंगाल, नेपाल आँखा अस्पताल त्रिपुरेश्वरकी डाक्टर पुनम श्रेष्ठ, हेटौंडा जेसीजका पब्लीक रिलेशन अफिसर संग्राम बल लामा, बकैया जेसिजका संस्थापक अध्यक्ष रमेश फुँयाल लगायतले मन्तब्य ब्यक्त गरेका थिए ।

समापन कार्यक्रममा बोल्दै बकैया जेसीज वर्ष २०२३ का अध्यक्ष अमोद बस्नेतले आगामी दिनहरुमा पनि बकैया जेसीजले सामाजिक क्रियाकलापलाई निरन्तरता दिने बताउँदै आगामी दिनमा पनि सबैको साथ र सहयोगको अपेक्षा गरेका छन् ।

# रेडियोको वार्षिकोत्सवमा १८ जनाद्वारा रक्तदान

साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ बिन्दावासिनी मिडिया प्रालिद्वारा सञ्चालित रेडियो थाहासञ्चार ९९.६ मेघाहर्ज हेटौंडाको वार्षिकोत्सवको अवसरमा १८ जनाले रक्तदान गरेका छन् ।

रेडियोले १५ वर्ष पूरा गरि १६ वर्षमा प्रवेश गरेको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रमको आज चौथो दिन बिहिबार भएको रक्तदान कार्यक्रममा १८ जनाले रक्तदान गरेका हुन् । जसमा ५ जना महिला र १३ जना पुरुषले रक्तदान गरेका थिए ।

कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो । साताव्यापी कार्यक्रम अन्तर्गत रेडियोले हरेक वर्ष रक्तदान कार्यक्रम गर्दै आएको छ । साताव्यापी कार्यक्रम अन्तर्गत यसअघि तेस्रो दिन बुधबार रुपचन्द्र विष्टका विषयमा अन्तरक्रिया कार्यक्रम भएको थियो ।



कार्यक्रममा स्वर्गीय रुपचन्द्र विष्टका सहकर्मीहरुले विष्टले गरेका योगदान र उनका बारेमा चर्चा गरेका थिए ।

कार्यक्रमको पहिलो दिन सोमबार रेडियो परिसर सरसफाई कार्यक्रम र दोस्रो दिन मंगलवार स्रोता मिलन कार्यक्रम गरिएको थियो । यसैगरी, कार्यक्रमको पाचौ दिन भोलि ५ गते भोली 'सवारी दुर्घटना र यातायात व्यवस्थापन' विषयक अन्तरत्रिया कार्यक्रम, ६ गते मकवानपुरे सञ्चारकर्मीबीच घैंटो फुटाई खेल प्रतियोगिता हुनेछ भने अन्तिम दिन फागुन ७ गते पुरस्कार तथा प्रमाणपत्र वितरण, थाहा वर्ष सम्मान लगायत विविध कार्यक्रम गर्दै १६ औं बार्षिक उत्सब समापन समारोह हुने रेडियोका स्टेशन म्यानेजर गोकुल अधिकारीले जानकारी दिए ।

# गाँजासहित पाँच जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ मकवानपुर प्रहरीले अवैध लागूऔषध गाँजासहित पाँच जनालाई पक्राउ गरेको छ ।

प्रहरीले हेटौडा उपमहानगरपालिका-१९ बस्तिपुर स्थित भित्री सडकखण्डबाट ४५ किलो ६० ग्राम गाँजासहित पाँच जनालाई पक्राउ गरेको हो ।

कुवापानी तर्फबाट बस्तिपुरतर्फ आउँदै गरेको बा २१ च ९३२६ नम्वरको क्रेटा कार र ना २१ प १०९० नं. को मोटर साईकललाई रोकी चेकजांच गर्ने क्रममा सो कार भित्र लुकाइ ल्याएको गाँजा बरामद भएपछि उनीहरुलाई पक्राउ गरिएको मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

पक्राउ पर्नेहरुमा कार चालक पर्साको बहुदरमाई नगरपालिका वडा नम्वर ४ बस्ने २० वर्षीय ब्रजेश कुमार तेली, कारमा सवार सोही नगरपालिका-९ बस्ने ४० वर्षीय नैमोदिन देवान, १९ वर्षीय छोटु गुप्ता कलुवार, सोही नगर पालिका-७ बस्ने २२ वर्षीय सन्तु राउत कुर्मी र हेटौंडा उपमहानगर पालिका-१९ बस्ने १९ वर्षीय नवराज थिङ रहेका छन् । उनीहरुलाई विशेष सूचनाको आधारमा प्रहरी चौकी लेवट मकवानपुरबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो ।

प्रहरी बरामद गाँजा, कार र मोटरसाइकलसहित उनीहरुलाई नियन्त्रणमा लिई घटनाको बारेमा आवश्यक अनुसन्धानका साथै कानूनी प्रकृया अगाडि बढाइएको प्रहरी नायव उपरीक्षक कार्कीले बताए ।

# महिलामा हुन सक्ने समस्या सम्बन्धी स्वास्थ्य शिविर

हेटौंडा, ४ फागुन/ हेटौडा उपमहानगरपालिका वडा नम्वर १ बाफ्रो डाँडामा महिलाहरुमा हुन सक्ने समस्या सम्बन्धी एकदिने नि:शुल्क स्वास्थ्य शिविर भएको छ ।

नकौली स्वास्थ्य केन्द्र कार्यक्षेत्र अन्तर्गत बिहिबार महिलाहरुमा हुनसक्ने पाठेघर क्यान्सर,स्तन क्यान्सर, पाठेघर खस्ने समस्या, प्रजनन् स्वास्थ्य जटिलता तथा सामान्य स्वास्थ्य परिक्षण सम्बन्धी एकदिने शिविर भएको हो । हेटौंडा उपमहानगर पालिकाको जनस्वास्थ्य शाखाको आयोजना तथा परिवार नियोजन संघ मकवानपुरको सहयोगमा शिविर भएको थियो । शिविरमा एकसय ४४ जना महिलाहरुले सेवा लिएको नकौली स्वास्थ्य केन्द्रकी प्रमुख पार्वती पौडेलले जानकारी दिइन् । जसमा ८३ जनाले भिआइए, ५९ जनाले सामान्य र ७ जनाले ईम्प्लान्ट सेवा लिएका छन् भने दुईजनालाई रिफर गरिएको छ । हेटौंडा उपमहानगर पालिकाको प्रवक्ता समेत रहेका १ नम्वर वडाध्यक्ष सविन न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा उपमहानगरको जनस्वास्थ्य शाखाकी मुना थापाको प्रमुख आतिथ्यता रहेको थियो ।

# गाँजा ढुवानी गर्ने ट्रक चालक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ मकवानपुर प्रहरीले लागूऔषध गाँजा ढुवानी गर्ने ट्रकका चालकलाई पक्राउ गरेको छ ।

प्रहरीले गत सोमबार पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिका-९, ज्यामिरेबाट ना ६ ख ४५२० नम्बरको डिब्बा ट्रकबाट प्रहरीले १५८ केजी लागुऔषध गाँजा बरामद गरेको थियो । गाँजा ढुवानी गर्ने ट्रकका सहचालक पक्राउ परे पनि चालक भने फरार थिए । फरार चालक थाहा नगर पालिका-३, गोपालीगाउँका २७ वर्षीय रसाल गोपालीलाई मकवानपुर प्रहरीले



बिहीबार हेटौंडा-१, हेटौंडा अस्पताल अगाडिबाट पक्राउ गरेको जनाएको छ । प्रहरीले सहचालक थाहा नगर पालिका-३, गोपालीगाउँका १८ वर्षीय विशाल गोपालीलाई सोमबार नै पक्राउ गरेको थियो ।

# तीन दिनमा ४ लाख भेडाबाख्रालाई पीपीआरविरुद्धको खोप

साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ बागमती प्रदेश सरकारले तीन दिनमा ४ लाखभन्दा बढी भेडा बाख्रालाई पीपीआर रोगविरुद्धको खोप लगाएको छ ।

प्रदेशको कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयले प्रत्येक वर्षजस्तै यस वर्ष पनि फागुन १ गतेदेखी साताव्यापी रुपमा प्रदेशभरिको भेडाबाख्रालाई पीपीआर रोगविरुद्धको खोप लगाइरहेको छ । सोही अभियानअन्तर्गत बुधबारसम्म तीन दिनमा ४ लाख दुईहजार २१ भेडाबाख्रालाई पीपीआर रोगविरुद्धको खोप लगाइएको हो ।

मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीको अनुसार हालसम्म एक हजार एकसय ३ भेडा र ४ लाख नौ सय १८ बाख्रालाई पीपीआर विरुद्धको खोप लगाइएको छ । अधिकारीले हालसम्म भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,काभ्रेपलाञ्चोक कार्यालयले काभ्रेको ४१ हजार तीन सय ७७ भेडाबाख्रालाई खोप लगाएको बताए ।

त्यस्तैगरि ललितपुरको २२ हजार तीन सय ९३, काठमाडौंको १६ हजार ७ सय ७८, भक्तपुरको एक हजार पाँच सय १५ र दोलखाको ३७ हजार नौ सय ४२ भेडा बाख्रालाई खोप लगाइएको छ ।

सिन्धुपाल्चोकको ६ हजार सात सय ८०, सिन्धुलीको १९ हजार ९७, रामेछापको ३९ हजार ८ सय २२, मकवानपुरको ७१ हजार ४ सय ९२, चितवनको ३५ हजार एक सय ८, नुवाकोटको ५८ हजार सात सय ४५,रसुवाको एक हजार ६ सय ९० र धादिङको ४० हजार दुईसय ८२ भेडाबाख्रालाई खोप लगाइसकिएको अधिकारीको भनाई छ । अभियान फागुन ७ गतेसम्म सञ्चालन हुनेछ ।

# मनहरीमा हात्तिद्वारा बाली नष्ट

साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ मनहरी गाउँपालिकामा जंगली हात्तिको कारण खेतीबाली नष्ट भएको छ । विगक एक हप्तादेखि जंगली हात्तिले मनहरीमा बाली नष्ट गरिरहेको स्थानीयहरुले बताएका छन् ।

विगतमा पनि जंगली हात्तिले दु:ख दिँदै आएकोमा फेरि मनहरी-५ बसन्तपुर आसपासका क्षेत्रमा लगाइएको खाद्यान्न बाली नष्ट गरेको हो । मनहरीमा यसअघि हात्तिको आतंकले कतिपयको घर गोठमा क्षति पुग्ने गरेको थियो । विगत हप्ता दिनदेखि पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रबाट रातको समयमा आउने गरेको जंगली



हात्तिले बसन्तपुरमा उत्पात मच्चाइ रहेको स्थानीय टिकाराम सापकोटाले बताए ।

सापकोटाका अनुसार रातको समयमा आएर जंगली हात्तीले बाली नष्ट गरिरहेको हो । हात्तिले गहुँ बाली, आलु, काउलीलगायत तरकारी खेती नष्ट गरेको छ । हात्तिको आतंकले त्रसित भएका स्थानीयहरुले निकुन्जलाई जानकारी दिएर नियन्त्रणमा लिन निवेदन दिने तयारी गरेका छन् ।




सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इञ्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना